# INLS/NRN LIETRARY FESTIVAL

## October 14, 2007 Kathmandu, Nepal

### अनेसास/एन्आर्एन् डायास्पोरा पुरस्कार वितरण समारोह तथा कविता गोष्ठी २००७

आप्रवासीहरुको तेस्रो विश्व सम्मेलन काठमाडौंमा भएको सुअवसर पारेर अक्टुबर १४, २००७ (आश्विन २७, २०६४) को दिन मलार हल सोल्टी होटेल (Mallar Hall, Soaltee Hotel) काठमाडौंमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज र आप्रवासी नेपाली विश्व सङ्गठनको संयुक्त आयोजनामा गरिएको **पुरस्कार वितरण तथा कविता गोष्ठी** नेपाली साहित्यको संस्थागत विकासमा एक ऐतिहासिक तथ्य बनेर रहेको छ।




यस्तो गोष्ठीको लागि अनेसासले २००५को एटलान्टा कन्भेन्शनमा योजनाको घोषणा गरिएको थियो, त्यो ऐले आएर पुरा भएको छ। अनेसासको यो कार्यक्रमलाई सफल बनाउनमा एन्आर्एन्को नेतृत्व, भौतिक तथा आर्थिक सहयोगको महत्वपूर्ण भूमिका रहेको कुरा कहिल्यै बिर्सन सिकन्न। नेपाली संस्थाहरुले मिलेर काम गरेको यो नमुनाको उदाहरण भएको छ। पर्यवेक्षकहरुको मूल्याङ्कन अनुसार यस्तो साहित्यिक सम्मेलन नेपालमा पहिलो पटक देख्न पाइएको हो भन्ने छ। यसको आप्रवासीहरुको साहित्यिक क्रियाकलापको सन्दर्भमा यो आफैमा नेपालमा भएको पहिलो र बृहत् सम्मेलन हो।



अनेसासले यसको आयोजनामा दिएको महत्व, यसमा तर्जुमा गरिएका पञ्चै बाजा, पञ्च कन्या, परिचय पुस्तिकाहरु, फूलका मालाहरुबाट नेपाली साहित्यका वयोवृद्ध कवि साहित्यकारहरु र आप्रवासी भाषा साहित्यप्रेमीलाई स्वातग गर्दै गरिएको सम्मेलनको प्रारम्भले छर्लङ्ग देखाएको थियो। वास्तवमा यो कार्यक्रमको ठूलो महिमा छ। यसलाई यो ऐतिहासिक मोडमा ल्याउन अनेसासका अध्यक्ष प्रा.मोहन सिटौलाको नेतृत्व अविस्मरणीय नै छ।



गोष्ठीको अध्यक्षको आसजबाट बोल्दै प्रा. मोहन सिटौलाले अनेसासको १७ वर्षको सिर्जनात्मक विकासको यौटा चाखलाग्दो इतिहास बनेको छ भन्नुभयो । उहाँले १७ वटा एवार्डको संचालन, ठाउँठाउँमा 'नेपाली भाषा तथा संस्कृति विद्यालय'को संचालन, अन्तर्दृष्टि त्रैमासिक पत्रिका संचालन र भानुभक्त मेमोरियलको परिकल्पना, विभिन्न देशमा च्याप्टरहरुको स्थापना र भाषा र साहित्यको गोष्ठीहरु सन्चालन जस्ता महत्वपूर्ण काम गरिरहेको छ भन्दै अन्चल एवार्डमा पश्चिमान्चलका ७ वटा अन्चल एवार्डको लागि प्रायोजकको आवश्यकता देखाउनुभयो अनि यसमा हरतरहले सहयोग गर्न सबै पक्षलाई आह्वान गर्नुभयो । त्यस क्रममा वहाँले  ३ वटा डायास्पोरा एवार्डका लागि ६२५.०० डलर जनही प्रायोजन गर्ने डा. उपेन्द्र महतो, डा. जिबा लामिछाने र डा.श्याम कार्की अनि नयाँ हुनुभएका ट्रस्टी दुई जना भीम उदास र देवमान हिराचन साथै नयाँ आजीवन सदस्य हुनुभएकी कवयित्री गीता केशरीलाई सम्मान गर्नु भएको थियो ।

यसको लागि अनेसासको टिमले सिक्किमदेखि सियाटलसम्म सर्वत्र पुगेर नेपाली साहित्यका धरोहरहरुलाई आकाशबाट धर्तीमा उतार्न भरिसक्य प्रयास गरेको छ ।

समुद्रपारदेखि सिक्किम, भुटान, आसामबाट कविहरु मलार हल सोल्टीमा भरिएका थिए । मुख्य अतिथि एन्आर्एन्एका अध्यक्ष डा.उपेन्द्र महतो, विशेष अतिथि राष्ट्रकवि माधव घिमिरे ( ८९ वर्षका वयोवृद्ध), अर्का विशेष अतिथि डायमन्ड समशेर (९१ वर्षका वयोवृद्ध), धर्मराज थापा, श्याम प्रसाद शर्मा, कृष्णप्रसाद पराजुली, मोदनाथ प्रसित, डा. तुलसी भट्टराई, गीता केशरी, पद्मावती सिंह, उदयचन्द्र शर्मा (सिक्किम) आदि २०० भन्दा बढी कविहरुको उपस्थितिमा यो सम्मेलन भयो । यो उपस्थितिको आफ्नै महत्ता छ ।

यसमा धेरै साहित्य संस्थाहरुले कामले पैसाले प्रचारले र प्रतिनिधित्वले सहभागिता जनाएर सहयोग गरे । तिनमा साहित्य सन्ध्या, साहित्यिक पत्रकार संघ, जनमत परिवार ( धुलीखेल), प्रगतिशील लेखक संघ, अन्तर्राष्ट्रिय मानव अधिकार संघ (प्रदीप खनाल), सुनकोशी साहित्य प्रतिष्ठान, नेपाल रिपोर्टर्स क्लब, अनेसास जापान च्याप्टर, अनेसास नेपाल च्याप्टर, अनेसास भुटान च्यापटर, अनेसास एयुई च्याप्टर र दुबै च्याप्टर आदिको उपस्थिति सहित बढी योगदान रहेको छ । हो, एन्आर्एन् नेतृत्व डा. उपेन्द्र महतो (प्रायोजक–डायास्पोरा नेपाली साहित्य अनुशीलन एवार्ड), डा.श्याम कार्की (अमेरिका, अनेसास ट्रस्टी, प्रायोजक–डायास्पोरा नृपध्वज कार्की एवार्ड), डा. जिवा लामिछाने (रुस, प्रायोजक डायास्पोरा खेमलाल हरिकला अनुशीलन एवाड), जुगल भुर्तेल (रुस),  डा. कुमार बस्नेत (संस्थापक अध्यक्ष अनेसास जापान, सदस्य एन्आर्एन्ए केन्द्रिय कमिटी),  भीम उदास (साउथ अफ्रिका, संयोजक एन्आर्एन्-आइसीसी), देवमान हिराचन (एशिया प्यासेफिक रिजन, संयोजक एन्आर्एनए तेश्रो सम्मेलन), त्रिभुवन विश्व विद्यालय, केन्द्रिय नेपाली शिक्षण विभाग, किर्तिपुर र अरु धेरैको बिशेष योगदान रहेको छ यो सोल्टी होटेलको गोष्ठीमा ।

आयोजनाको सन्दर्भमा सुमन तिमसिनाको संयोजकत्वमा भएको कुमार बस्नेत, मोहन सिटौला, शिवप्रसाद सत्याल र गुहनाथ पौडेलको आईएन्एस्/एन्आर्एन् प्रिकन्फेरेन्स लिटेरेरी सेशन कमिटीको योगदान अतुलनीय रहेको छ । यसमा तत्काल काठमाडौबाट प्रदीप खनाल, श्याम कार्की लगायत देशविदेशबाट प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्ने रोहिणी शर्मा, श्याम

कार्की, होमनाथ सुवेदी लगायतका अन्य स्वयम् सेवकहरुको विशाल पङ्तिको महत्व त छंदै छ। जेभए पनि एन्आर्एन् र अनेसासको सेतु निर्माणमा सुमनराज तिमसिनाले यो क्षेत्रमा गरेको सेतु निमार्णको कामको स्मृति सदा अजरामर रहनेछ।



आप्रबासीहरुको काठमाडौंमा भएको पहिलो विश्व साहित्य सम्मेलनका मुख्य अतिथि डा. उपेन्द्र महतोले भन्नुभयो– एन्आर्एन्ले अनेसासका साथ धेरै ठाउमा मिलेर यस्तो सिर्जनात्मक संस्कृति निर्माणमा काम गर्न सक्दछ। यो सुरुआत हो। उहाँले भन्नुभयो –म अनेसासको यस्ता कामहरुको सदासर्वदा समर्थन गर्दछु। यसका आयोजक समितिलाई धन्यवाद दिन्छु।




राष्ट्रकवि माधव घिमिरेले अनेसास तथा एन्आर्एन्का सहभागीहरुलाई सम्बोधन गर्दै भन्नुभयो– आज नेपाली साहित्यको अनुवाद विभिन्न भाषामा गराउने, भाषा र साहित्यका यस्ता गोष्ठीहरु देश बाहिर पनि चलाइ रहनाले अन्तर्राष्ट्रमा नेपालीको पहिचानलाई अझ परिचित र दिगो राख्न सकिन्छ। यस्ता कार्यक्रम सदा भै रहुन्।

डा.श्याम कार्कीले अनेसासको इतिहास र यसको परिचयात्मक स्लाइडहरु देखाउनुभयो।
चेतनाथ घिमिरे कोशी अन्चल उत्कृष्ठ पुस्तक पुरस्कारका विजयी तथा त्रिविवि नेपाली शिक्षण विभाग किर्तीपुरका प्राध्यापक डा. खगेन्द्रप्रसाद लुइटेलले पुरस्कार लिंदै 'डायास्पोरामा नेपाली साहित्य' विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो।

अनेसास 'फाइनान्सर' प्रकारको एवार्ड दिने मात्र खालको संस्था हैन वरु यो डायस्पोरामा भाषा र साहित्यको सार्वजिक पाठशाला हो जहाँ यसले लेख्ने लेखाउने र एवार्डहरु दिलाएर उनीहरुलाई प्रोत्साहित गर्ने गर्दछ। अनेसासले प्रायोजक वा पुरस्कार संस्थापकहरुबाट पैसा ल्याएर विश्वभर छरिएर रहेका साहित्यकारहरु अनेसासका सदस्य, पदाधिकारी भएका हुन्

वा अनेसाससित सम्बन्ध न भएका हुन्, ती सबैलाई समान रुपले पुरस्कृत गर्दछ । साहित्यको विकाशमा लागेका साहित्यकारहरु सबैको यो संस्था हो । ती सबै यसको सदस्य बनेर एक सूत्रमा बाँधिएर अगाडि बढ्नुपर्छ भन्ने मान्यता बोकेर पहिलेदेखि नै अनेसास आएको छ । यिनै साहित्यकारले संस्था चलाउने हो र यिनै साहित्यकारले पुरस्कार पनि पाउने हो । फरक कति भने पुरस्कारमा भाग लिने साहित्यकारले एवार्ड कमिटीमा भाग लिन भएन । जहाँसंस्थापकको कुरो छ । अनेसासको कुनै एक जना 'फाइनान्सर' छैन । यहाँ संस्थापक भन्ने कुनै एक महान् व्यक्ति एक मात्र छैन । धेरै संस्थापक छन् । सबै साहित्यका विद्यार्थी हुन् । अनेसासको अध्यक्ष र महामना भएर मात्र हुन्न, यिनले पुरस्कार प्रतियोगिताहरुमा भाग लिएर उनीहरुलाई उनीहरुले राम्रा साहित्यकारमा उचाल्न पनि प्रयास गर्नुपर्छ । यिनै काममा मदद पुराउनु अनेसासका एवार्डहरुको मूल उद्देश्य हो । अनेसास विरोधी भएर बाहिर बस्नेलाई पुरस्कार दिने र अनेसासमा काम गर्नेहरुलाई तिमीहरुले पुरस्कार लिन हुन्न भन्नेहरु अनेसास विरोधी शक्ति हुन् तिनलाई एक एक गरी चिनेर पन्छाई अनेसासका कार्यकर्ताहरुले काम गर्न सक्नुपर्दछ र मात्र समाजको भाषा र साहित्यको संस्थागत विकासमा तीव्रता आउँछ । अन्यथा यो मर्न सक्छ, विरोधीलाई त मरेको उत्तम हुन्छ तर अनेसासका प्रेमीलाई भने यो दुखकै कुरा हुनेछ ।

डा.ताना शर्मा, भीम कार्की र भारती गौतम भएको एक एवार्ड सुझाउ समितिले एवार्ड कमिटी स्वतन्त्र हुन्छ भनी दिएको सिफारिसलाई मध्य नजर गरेर बनाइएको अनेसासको एवार्ड कमिटी स्वतन्त्र र सर्वोपरि छ । अधिकार सन्तुलनको लागि अनेसासमा पनि नियम बनाउने व्यवस्थापिकाले नियम बनाउँछ, कार्यपालिकाले न्यायाधीशहरुको नियम अनुसार नियुक्ति गर्छ, लोकतान्त्रिक देशको सरकारको न्यायपालिका जस्तै अनेसासको एवार्ड कमिटी स्वतन्त्र छ जसले एवार्डहरुको मूल्याङ्कन गरे गराएर फैसला सुनाउँछ । आफैलाई नियुक्त गरेका कार्यपालिकाका जुनसुकै पदाधिकारीको पनि स्वतन्त्र न्यायपालिकाले मुद्दा (पुस्तक र एवार्डहरु) हेरेर फैसला गर्न सक्छ र गर्छ । यसरी गरेकोमा वैधता र विश्वसनीयता मान्नुपर्ने हुन्छ । त्यस्तै अनेसासको यो एवार्ड कमिटी कुनै एक व्यक्तिले बनाएको हैन अनेसासको विधि विधान अनुसार यौटा आधिकारिक सभाले बनाएको हो । नियुक्तिको सन्दर्भमा पनि कुनै एक व्यक्तिले एवार्ड कमिटीका अध्यक्ष वा सदस्यलाई नियुक्ति गर्दैन, नियमानुसार बोर्डको बहुमतले हुन्छ र एवार्ड कमिटीले पनि आफै छान्ने वा विजेता चयन गर्ने होइन वरु एवार्ड कमिटीका सदस्यहरुको वहुमतले कम्तिमा ३ जना चयन मण्डलीको मनोनयन गर्छ र उनीहरुले दिएको स्कोरको एभरेज अनुसार विजेताको निर्णय एवार्ड कमिटीले गर्छ र परिणाम घोषणा हुन्छ । अनेसासको एवार्ड कमिटी स्वतन्त्र र सर्वोपरी हो र यसले गरेको फैसलामा वैधता र विश्वसनीयता रहन्छ, अनेसासको नियमावली अनुसार यसको निर्णय अन्तिम मानिन्छ । अनेसासका आर्टिकल र हायन्डबुकहरुमा यी कुरा स्पष्ट उल्लेख छन् । व्यस्त जीवनमा सबै कुरा पढ्न न पाइएको हुन सक्छ त्यो कुनै आश्चर्य हैन तर सकेसम्म कम्तिमा पढेर हाम्रा सदस्य र सुभचिन्तकहरुले आफूलाई विज्ञ बनाउन आवश्यक हुन्छ । अनेसासका खास निश्चित परम्परागत प्रचलन, सिद्धान्त, कार्यप्रणाली र यसका नियम कानुनबाट अनेसास परिचालित छ । यो कुरा बुझेर यिनलाई समेटेर अगाडि बढ्नु आजको अनेसासको मूलधार हो । मूलधारबाट विचलित हुनेले या आफूलाई डुबाउँछ या त अनेसासलाई बरबाद गर्छ । यी दुबै पक्षको उपस्थिति मूलधारबाट विचलन कुनै व्यक्ति सदस्यको लागि वा संस्थाको लागि हितकारक हुदैन । गलत विचार र सही विचारको बीच जहिले जहाँ पनि संघर्ष हुन्छ तर कुरै नबुझी बाटो बिराएकालाई भने फर्कने अवसर प्रदान गर्ने उदार परपाटी अनेसासमा जितोजाग्दो नै छ यसमा कुनै शंका छैन ।

अनेसासका सबै प्रकाशन पुरस्कारको लागि मूल्याङ्कनमा सबै जानुपर्छ भन्ने सिद्धान्त भएकोले पुरस्कार समितिमा र निर्णायक मण्डलमा बसेका मानिस बाहेक अनेसासका सबै प्रोजेक्ट, तह, वर्ग, राज्य तथा देशका पदाधिकारी, संस्थापकहरु लगायत सबैले पुरस्कारमा भाग लिन्थे र लिन्छन्, यो अनेसासको स्थापना र पुरस्कार नियमावली बनाउँदा नै पनि यस्तो उल्लेख छ । यसको उद्देश्य एवार्ड जित्न सक्ने पुस्तकका लेखक, प्रतिभावान् साहित्यकार पनि अनेसासका उच्च ओहदामा बसेर काम गर्न सकुन् भन्ने हो । होमनाथ सुवेदीको प्रत्युत्तर भाषणबाट स्पष्ट हुन्छ कि धेरैले अनेसास होमनाथ सुवेदीको हो भन्ने भ्रम पालेका छन् तर होमनाथ सुवेदीले आफू अनेसासको लागि राजा न भएर जनता हो र जनताको तहमा ओर्लेर चुनाउ लड्नुपर्छ, प्रतियोगितामा भाग लिनुपर्छ, त्यसैले यी प्रतियोगिताबाट प्राप्त पुरस्कार स्वीकार गरेर व्यवहारबाट पनि स्पष्ट देखाइदिएका छन् कि उनी यो संस्थामा आफ्नो व्यक्तिगत कुनै स्वामीत्व न भएको र अरु सदस्य र पदाधिकारी जस्तै अनेसासको विधानले दिएको अधिकारको क्षेत्रभित्र मात्र रही काम गर्ने व्यक्ति हुन् । अनेसासमा होमनाथ सुवेदीले गरेको बढी त्याग र आदर्शले संस्था झन् व्यक्ति उन्मुख हुन जाने भएकोले आफू प्रतियोगिता र चुनाउमा भाग लिएर यो मान्छे पनि अरु जस्तै हो भन्ने कुरो देखाउन र अनेसासमा काम गर्ने हरएक पदाधिकारी जो एवार्ड कमिटीमा छैनन् उनीहरु सबैले कुनै पनि पुरस्कारमा भाग लिन पाउछन् भन्ने सशक्त नजीर पेश गर्न पनि नियमले दिएको र जितेको गौरवशाली पुरस्कार ठुलो न भैकन लिन स्वीकार गरेको कुरो स्पष्ट गरिएको थियो । कार्यक्रममा होमनाथ सुवेदीको प्रत्युत्तर भाषण गुहनाथ पौडेलजीले पढेर सुनाउनुभएको थियो ।



होमनाथ सुवेदीको मन्तव्य ( एनआर्एन्/आईएन्एल्एस् साहित्यिक महोत्सव तथा पुरस्कार वितरण समारोह, अक्टुबर १४ को दिन काठमाडौ सोल्टीमा सुनाइएको र सोही दिन अनेसासको मेरिल्याण्ड च्याप्टरको गठन र बृहत् नेपाली साहित्य सम्मेलन बाल्टिमोरमा दोहोराएर सुनाइएको प्रत्युत्तर भाषणमा होमनाथ सुवेदीले भनेका केही शब्दहरु जस्ताको तस्तै एक अंश

'रोहिणी शर्मा पुरस्कार र नृपध्वज कार्की पुरस्कारबाट मलाई तपाईहरुले पुरस्कृत गर्नु भएकोमा म आभारी छु । अनेसासको एवार्ड कमिटी, वोर्ड अफ ट्रस्टीज र काकासभन्दा बढी शक्ति भएको स्वतन्त्र एवार्ड कमिटी हो । अनेसासको एवार्ड कमिटी र निर्णायक मण्डलीभित्र न भए वा भए राजिनामा दिएर अनेसासका जुनसुकै पदाधिकारीले पनि एवार्डमा भाग लिन मिल्ने प्रावधान भएको र म र हाम्रो परिवारका सदस्यले गत जनवरीमै एवार्ड कमिटीबाट राजिनामा दिएर बाहिर भै सकेकोले त्यो एवार्ड कमिटीमा म र मेरा परिवारका सदस्य छैनन् र मैले यो पुरस्कार स्वीकार गर्न मिल्ने भएरै तपाईहरुले दिनु भएको छ र म सहर्ष स्वीकार गर्दछु । यसले विश्वभर छरिएर रहेका अनेसासका अरु पदाधिकाकारी र सदस्यहरुलाई पनि अनेसासका एवार्डमा अनेसासको पुरस्कार नियमावली अनुसार भाग लिन हुन्छ भन्ने कुराको दृष्टान्त प्रस्तुत गर्दछ ।'

त्यसै समय होमनाथ सुवेदीले आफूले पाएको पुरस्कारको राशी कसरी खर्च गर्ने भन्नेबारेमा यो घोषणा गरेका छन्–





**‘रोहिणी शर्मा पुरस्कारको नगद राशी नेपालको दुर्गम स्थानको नेपाली साहित्यको विकाशको लागि म्याग्दी जिल्लाको ‘म्याग्दी साहित्य समाज’लाई प्रदान गर्ने र डायास्पोरा नृपध्वज कार्की पुरस्कारको राशीमा अझ डलर ५००।०० सम्म थपेर ‘समुद्रपारका समालोचना’ छाप्नमा खर्च गरेर डायास्पोराका प्रकाशन साहित्यलाई अझ एक स्तर माथि प्रकाशमा ल्याउने काममा लगाउन र त्यसको आयबाट नै अनेसासको "Award Book Criticism 2005" भन्ने पुस्तकको प्रकाशनमा खर्च गर्न अनेसासलाई नै छाप्न दिने घोषणा गर्दछु ।** अनेसासको **यो "Award Book Criticism 2005" पुस्तक छापेर आएको आय मैले नलिने कुरा पनि स्पष्ट गर्दछु ।’** होमनाथ सुवेदीले त्यहाँ उपस्थित हुन न सकेकोले आफ्नो पुरस्कार लिइदिन साहित्यकार श्री गुहनाथ पौडेलजीलाई अधिकृत गरे अनुसार गुहनाथ पौडेलले पुरस्कार लिइदिनुभयो ।

डा. जिबा लामिछानेबाट प्रायोजन भएको डायास्पोरा खेमलाल हरिकला लामिछाने पुरस्कार वालकृष्ण शर्मा र डायास्पोरा फूलकुमारी महतो स्मृति पुरस्कार नेपाली केन्द्रीय शिक्षण विभाग, त्रिभुवन विश्वविद्यालयलाई प्रदान गरियो । यी पुरस्कार खास गरी एन्आर्एन्को सम्मेलनको लागि एन्आर्एन्कै नेतृत्व वर्गले नै प्रायोजन गरेको थियो र यी सदा एन्आर्एन्एको कन्फेरेन्समै दिइने पुरस्कार हुन् । जहाँसम्म उपस्थितिको प्रश्न छ जबसम्म पुरस्कारको रकमले टिकटसम्म पुग्दैन त्यो हदमा विजयीको इच्छाले बितरण समारोहमा पुग्न





सके उत्तम न भए पनि पछि प्ल्याक र चेकहरु विजयीको द्वारमा नै पुराइदिने प्रचलन नै एक नजिर भएको छ । यो स्वाभाविक पनि हो ।

उक्त पुरस्कार बाहेक अनेसास उत्कृष्ट पुस्तक पुरस्कारहरु पनि विजयीले इच्छ्याएको ठाउँ नेपाल वा डि.सी. दुई ठाउँमध्ये जुनसुकै ठाउँबाट लिए पनि हुने

व्यवस्था गरिएको थियो । पहिले त अमेरिकामा नोभेम्बर १८ मा हुने देवकोटा जयन्ती तथा एवार्ड सेरेमोनीमा धेरै एवार्ड वितरण गर्नुपर्ने होला भन्ने सोचिएको थियो । तर पछि नेपालको सोल्टीमा भएको पुरस्कार वितरण समारोह र कविगोष्ठी भव्य रुपमा तर्जुमा भयो भने जब कि डि.सी.मा तयारीको न्युनता नै थियो । त्यसले गर्दा धेरैलाई काठमाडौंबाट नै एवार्ड लिन मनलाग्यो र त्यसमा त्यहाँको आयोजक कमिटीलाई आपत्ति हैन खुशी नै थियो, तदनुसार सबै विजयीको 'रोलकल' गरिएको थियो, प्ल्याक लिन २, ३ जना बाहेक सबै काठमाडौंको एवार्ड सेरेमोनी, सोल्टीमा उपस्थित भए र त्यही प्रदान गरियो । ती मध्ये सर्वोत्कृष्ट पुस्तक पुरस्कार विजेता डा. गोविन्दराज भट्टराईलाई राष्ट्रकवि माधव घिमिरेको हातबाट ताम्रपत्र प्रदान गरियो ।




अनेसास शारा वालसाहित्य पुरस्कारका विजेता प्रा.गुहनाथ पौडेलले पनि उपेन्द्र महतोको हातबाट त्यही पुरस्कार लिनुभयो ।



माधव घिमिरेबाट श्रीओम श्रेष्ठ रोदनले पनि लक्ष्मण सत्याल वाग्मती अन्चल पुरस्कारको ताम्रपत्र त्यहीबाट लिनुभयो ।



माधव घिमिरेले श्रीमती रुकु कार्कीलाई पनि गोविन्द गिरी 'प्रेरणा' नारायणी अन्चल पुस्तक पुरस्कार त्यहीबाट प्रदान गर्नुभयो ।



बुढाथोकी अनलाइन राइटर्स एवार्ड पनि गोपाल पराजुलीले त्यही लिनुभयो ।



नारायण जयन्ता प्रसाई ई-साहित्यिक पत्रकारिता एवार्ड माधव घिमिरेबाट डा. कुमार बस्नेतले पनि लिनुभयो । डा. कुमार बस्नेतले पुरस्कारको लागि गौरवताको अनुभव व्यक्त गर्दै डायास्पोरामा भएका समस्यासित जुध्दै नेपाली भाषा र साहित्यको क्षेत्रमा योगदान पुराइरहने दृढता व्यक्त गनुभयो ।

डा. दीपक खडकाले डिल्लीराम तिमसिना नवप्रतिभा पुरस्कार, शर्मिला खडकाले डिल्लीराम तिमसिना नारी प्रतिभा पुरस्कार, शिवप्रकाश पौडेलले अनन्त गोपाल हास्यव्यंग्य पुरस्कार, क्षेत्रप्रताप अधिकारीले गण्डकी अञ्चल पुरस्कार पनि त्यही लिनुभयो । यसै क्रममा सबै विजयीको नाम उच्चारण गरिएको थियो । त्यहाँ उपस्थित सबैले विजयीले त्यहीबाटै पुरस्कार लिए । अरु विस्तृत सूची त आउन बाँकी नै छ भन्ने कुरो प्रदीपजीको टिप्पणीबाट स्पस्ट हुन्छ । केही अरु फोटा उदाहरणको लागि छन् ।



अरु फोटाहरु यो युआरएलमा हेर्न सकिन्छः http://picasaweb.google.com/inlsglobalnetwork



नेपालमा एवार्ड सेरेमोनी भए पनि यहाँ अमेरिकाको नोभेम्बर १८, २००७ को एवार्ड सेरेमोनी जसले नेपालबाट एवार्ड लिएका छैनन् उनीहरलाई यहाँबाट प्रदान गरिने कार्यक्रम यथावत् नै छ । यो वर्ष नेपालमा भव्य कार्यक्रम भैसकेकोले यहाँको कार्यक्रम सामान्य हुने कुरा स्वाभाविक हो । यसमा पर्याप्त औचित्य नै छ । यौटै कुराको लागि दुई ठाउमा बढी खर्च गर्नु समाजको लागि आर्थिकभारका दृष्टिले त्यति उपयुक्त पनि हैन । त्यसैले पनि यो वर्षको कार्यक्रमको ऐतिहासिक महत्व काठमाडौं सोल्टीको पुरस्कार वितरण तथा कविता गोष्ठीले नै पाउँछ जुन सोचेभन्दा पनि बढी सफल भएको छ ।



कवि गोष्ठीको दृष्टिले पनि यस वर्ष काठमाडौंमा भएको कार्यक्रमले करिब २५० कवि कवयित्रीहरुको बीच कविता गोष्ठी र लब्धप्रतिष्ठित वयोवृद्ध कविहरुको उपस्थितिले यसको महत्वलाई बढी माथि उठाएको छ । धेरै जसो पुरस्कार लिनेहरुले काठमाडौंबाट लिन मन पराउनुको कारणले पनि काठमाडौंको कार्यक्रमको आकर्षण बढी भएको प्रमाणित गर्दछ ।

त्रिभुवन विश्व विद्यालय, केन्द्रिय नेपाली विभागका प्रमुख घनश्याम कर्णेलले गोष्ठीमा बोल्दै नेपाली डायास्पोरा साहित्य संस्कृतिको अध्ययन गराउने व्यवस्था गर्न आफू सहित प्रा. राजेन्द्र

सुवेदी र डा. खगेन्द्रप्रसाद लुइटेलको एक कमिटी बनेको र त्यसले अनेसाससित काम गर्ने घोषणा गर्नुभयो ।

अनेसास नेपाल च्याप्टरका महासचिव विष्णुबहादुर सिंहले सहभागीहरुलाई धन्यवाद दिनुभएको थियो र पत्रकार हेम सुवेदीबाट सञ्चालित कार्यक्रमको विसर्जन अनेसास केन्द्रिय अध्यक्ष तथा सभाका सभापति प्रा. मोहन सिटौलाले गर्नु भयो । त्यसको लगत्तै यौटा स्तरीय चियापानको व्यवस्था पनि गरिएको थियो । पर्यवेक्षकहरुले यस्तो कार्यक्रम नेपालमा पहिलोपल्ट देखेको भन्दै आयोजकहरुको सराहना गरेका थिए ।

**'नेपाली डायास्पोराका पुरस्कारको सिंहावलोकन'** नामक पुस्तिका पनि लुष प्रेसको सौजन्यतामा आयोजकका तर्फबाट छापेर वितरण गरिएको थियो जसले पुरस्कार विजयी कृति र लेखकको परिचय तथा चयन प्रक्रिया समेतमा उल्लेखनीय प्रकाश पारेको छ । यो पनि निकट भविष्यमै INLS.ORG मा पोस्टिङ्ग हुनेछ भन्ने आशा गर्न सकिन्छ ।

आप्रवासीहरुको तेस्रो विश्व सम्मेलनको पूर्वसन्ध्यामा काठमाडौंमा अक्टुबर १४, २००७ (आश्विन २७, २०६४) को दिन मलार हल सोल्टी होटेल (Mallar Hall, Soaltee Hotel) काठमाडौंमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज र गैह्र आबासीय नेपाली विश्व सङ्गठनको संयुक्त आयोजनामा भएको यो **पुरस्कार वितरण तथा कविता गोष्ठी** डायास्पोराको नेपाली साहित्यको संस्थागत विकास र साहित्य सम्मेलनका सन्दर्भमा दीर्घ कालतक अविस्मरणीय रहने एक ऐतिहासिक महत्वको विषय बनेर समाप्त भएको छ ।

(Pradeep Khanal, INLS- Representative to SAARC Regions को रिपोर्टको प्रस्तुतिको आधार पनि लिएर प्रस्तुत–होमनाथ सुवेदी, ११/०६/२००७ ।)

०